नेपाल सरकार
कृषि विकास मन्त्रालय
कृषि विभाग
कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास निर्देशनालय
**कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम**
हरिहरभवन, ललितपुर
शिलबन्दी दरभाउ पत्र आव्हान सम्बन्धि सूचना
**प्रथम पटक प्रकाशित मिति २०७२/१२/१७**

यस कार्यक्रमबाट चालु आ.व. को स्वीकृत कार्यक्रम अनुसार आ.व.२०७२।७३ मा निम्नानुसारको छपाई कार्य सिलबन्दी दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएको हुंदा नेपाल सरकारबाट ईजाजत प्राप्त इच्छुक फर्म- उत्पादक र व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले दरभाउपत्र फाराम १५ औं दिनसम्म कार्यालय समय भित्र यस कार्यक्रम हरिहरभबन पुल्चोक ललितपुरबाट रु. ३००।- तिरि खरिद गर्न सकिनेछ ।
२. दरभाउपत्र खरिद गर्दा र पेश गर्दा अनिर्वाय रुपमा निम्न कागजातहरु प्रमाणित गरी संलग्न गर्नु पर्ने छ ।
चालु आ.व.को लागी नविकरण भएको इजाजत पत्र, आयकर एंवम् मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७१।७२ को कर चुक्ता प्रमाणपत्र र खरिद कारवाहिमा अयोग्य नभएको स्वघोषणा पत्र ।
३. खरिद भएको दरभाउपत्र फाराममा भर्नुपर्ने सबै पानाहरुमा स्पष्टसँग भरी व्यवसायीले प्रत्येक पानामा सही छाप गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे भित्र यस कार्यक्रमको नाममा सम्बोधन गरी ठेक्का नम्वर, कामको विवरण, दरभाउपत्रवालाको नाम, ठेगाना स्पष्ट रुपमा खुलाई सिलबन्दी लाहाँछाप गरी यस कार्यक्रम हरिहरभबन पुल्चोक ललितपुरमा दर्ता गरी सक्नु पर्ने छ ।
४. प्राप्त भएका दरभाउपत्रहरु, यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको २.०० बजे उपस्थित भएका दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यक्रममा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. दरभाउपत्र दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु विदाको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुने छ ।
६. सिलबन्दी दरभाउपत्र साथ धरौटी वापतको निम्न अनुसारको रकम को.ले.नि.का. ललितपुरको नेपाल बैंक लिमिटेड, गावहाल धरौटी खाता नं.१८०-५१-००१६८५६ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यक्रमको नाममा जारी भएको ७५ दिन म्याद भएको बैंक जमानत पेश गर्नु पर्ने छ ।
७. दर अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्ने छ । फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
८. दरभाउपत्र शर्त रहित हुनु पर्नेछ ,कार्यालयले उपलब्ध गराएको दरभाउपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनुपर्नेछ । समय भित्र प्राप्त नभएको, रित नपुगेको, सुचनाको शर्त विपरीत भएको दरभाउपत्र माथि कारवाहीं हुनेछैन ।
९. प्राप्त हुन आएका दरभाउपत्र स्विकृत गर्ने, रद्द गर्ने, आंसिक रुपमा स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यक्रममा सुरक्षित रहने छ ।
१०. अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४(संसोधन सहित) तथा अन्य प्रचलित ऐन कानून बमोजिम हुनेछ ।
११. लेवलिङ्ग (स्टिकर) को नमूना यस कार्यक्रममा सम्पर्क राखी हेर्न सकिने छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नम्बर | कामको विवरण | छपाई कार्यको लगत अनुमान (भ्याट र कन्टेन्जेन्सी बाहेक) | दरभाउपत्र दस्तुर रु. | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १/०७२।७३ | स्याउको लेबलिङ्ग स्टिकर छपाई | ७४५०००।- | ३००।- | २२९५०।- | |

१२. यस सम्बन्धि अन्य कुराको जानकारी आवश्यक परेमा कार्यालय समयभित्र यस कार्यक्रमको फोन नं ०१५०१०२९३ वा कार्यक्रममा सम्पर्क राख्न सकिने छ ।